

नेकपाको प्रचण्ड समूहले बिहीबार गर्ने भनिएको आम हड्तालको अघिल्लो दिन बुधबार विराटनगरको रोडशेष चोकमा सडकमा बसेर प्रदर्शन गर्दै सो समूह निकटका विद्यार्थीहरू ।

# संवैधानिक आयोगका पदाधिकारीद्वारा शपथग्रहण

काठमाडौं/राष्ट्रपति विद्यादेवी भण्डारीले नेपालको संविधानबमोजिम संवैधानिक निकायका रिक्त पदमा विभिन्न पदाधिकारीलाई बधबार नियुक्त गरेकी छन् । राष्ट्रपति भण्डारीको समुपस्थितिमा बुधबारै नवनियुक्त प्रमुख आयुक्त, आयुक्त, अध्यक्ष तथा सदस्यलाई राष्ट्रपति कार्यालय शीतल निवासमा एक समारोहबीच पद तथा गोपनीयताको शपथ पनि गराइएको छ ।

उक्त समारोहमा प्रधानमन्त्री केपी शर्मा ओली, प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा, राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना र उपप्रधानमन्त्री ईश्वर पोखरेलको पनि सहभागिता थियो । संवैधानिक निकायका प्रमुख आयुक्त र अध्यक्षलाई प्रधानन्यायाधीश राणाले तथा सदस्य एवं आयुक्तलाई सम्बन्धित निकायका प्रमुख आयुक्त तथा अध्यक्षले शपथ गराएका थिए ।

प्रधानन्यायाधीश राणाले अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राई, राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष तपबहादुर मगर र राष्ट्रिय महिला आयोगका अध्यक्ष कमलाकुमारी पराजुलीलाई पद तथा गोपनीयताको शपथ गराएका थिए । प्रधानन्यायाधीश राणाबाट राष्ट्रिय दलित आयोगका नवनियुक्त अध्यक्ष देवराज विश्वकर्मा र आदिवासी जनजाति आयोगका अध्यक्ष रामबहादुर थापा मगरले पनि पद तथा गोपनीयताको शपथ लिएका थिए । उक्त समारोहमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका आयुक्त किशोर कुमार सिलवाल र जयबहादुर चन्दलाई नवनियुक्त प्रमुख आयुक्त राईले पद तथा गोपनीयताको शपथ गराएका थिए ।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले नवनियुक्त निर्वाचन आयुक्त रामप्रसाद भण्डारी र डा. जानकीकुमारी तुलाधरलाई शपथ गराएका थिए । राष्ट्रिय मानवअधिकार आयोगका नवनियुक्त अध्यक्ष तपबहादुर मगरले नवनियुक्त सदस्य सूर्यप्रसाद शर्मा ढुङ्गेल, मिहिर ठाकुर, मनोज दुवाडी र लिलीहजुर बस्न्यातलाई शपथ गराएका थिए ।उक्त समारोहमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सदस्य जुद्धबहादुर गुरुङ र अमरराज मिश्र, राष्ट्रिय महिला आयोगका सदस्यद्वय कृष्णकुमारी पौडेल र विद्याकुमारी सिन्हा, राष्ट्रिय दलित आयोगका सदस्यत्रय मीनादेवी सोब, टुन्जे कामी र मेहले पार्की तथा राष्ट्रिय समावेशी आयोगका सदस्यद्वय रामचन्द्र जोशी र हरिदत्त जोशीलाई समेत सम्बन्धित निकायका प्रमुखले पद तथा गोपनीयताको शपथ गराएका थिए ।

यस्तै आदिवासी जनजाति आयोगका सदस्यत्रय डा मीनबहादुर श्रीस, रीना राना र शरण राईलाई अध्यक्ष थापा मगरले शपथ गराएका थिए । मधेशी आयोगका सदस्यत्रय जीवछ शाह, रेणुदेवी शाह र विजयकुमार गुप्ता तथा मुस्लिम आयोगका सदस्यद्वय महमद्दिन अली र मिर्जा अर्सद वेगलाई सम्बन्धित आयोगका अध्यक्षले शपथ गराएका थिए । (रासस)

# होमियोपेथिक सेवाको बैठक सम्पन्न

विराटनगर(उस)/विराटनगर-२ तीनपैनीस्थित होमियोपेथिक सेवा केन्द्रको बैठक सम्पन्न भएको छ । संस्थाका संयोजक तथा वडा नं २ का अध्यक्ष कुमार पोखरेलको अध्यक्षतामा बसेको कार्यसमिति बैठकले सचिव कमलप्रसाद भट्टद्वारा प्रस्तुत वार्षिक प्रगति प्रतिवेदन र कोषाध्यक्ष होमनाथ घिमिरेद्वारा प्रस्तुत आ.ब. ०७६/०७७ को आर्थिक प्रतिवेदन पारित गरेको छ । कोषाध्यक्षद्वारा प्रस्तुत ६ लाख ७ हजार १ सय २९ रूपैयाँको वासलात र १ लाख ६३ हजार १ सय १६ रूपैयाँको आयव्ययको लेखापरीक्षण प्रतिवेदन पनि बैठकले पास गरेको छ ।

सो उपचार केन्द्रमा साताको दुई दिन होमिप्याथिक विशेषज्ञ डा. एम.के. कर्णले निःशुल्क उपचार सेवा पुऱ्याउँदै आइरहेका छन् । सो केन्द्रले हालसम्म २ हजार १ सय ५३ जनालाई निःशुल्क उपचार सेवा प्रदान गरेको छ । सो केन्द्रलाई आवश्यक पर्ने १९ हजार ६ सय ५० रूपैयाँको होमियोप्याथिक औषधि स्थानीय समाजसेवी विनोदराज आचार्यले प्रदान गरेका छन् । बैठकले उनलाई हार्दिक आभार व्यक्त गर्नुका साथै लेखापरीक्षणमा सहयोग पुऱ्याउने प्रकाश कुमार भट्टराईलाई पनि धन्यवाद दिने निर्णय गरेको छ ।

सो संस्थाले विस २०५७ सालदेखि सेवा प्रदान गर्दै आइरहेको छ ।

## पत्रकारलाई लेखनवृति

इटहरी(उस)/इटहरी उपमहानगरले इटहरीका १० जना पत्रकारलाई लेखनवृत्ति) प्रदान गरेको छ । नेपाल पत्रकार महासंघ सुनसरीको समन्वयमा १० जना पत्रकारलाई लेखनवृत्ति वापतको रकम हस्तान्तरण गरिएको हो । एक कार्यक्रमका बीच नगर प्रमुख द्वारिकलाल चौधरी र उपप्रमुख लक्ष्मी गौतमले १८ हजारका दरले लेखनवृत्ति प्रदान गरे । १० जना पत्रकारले इटहरीको विकास गतिविधिका बारेमा खोज अनुसन्धान गरी फिचर (आलेख) तयार गरेका छन् । लेखनवृत्ति प्राप्त गरेका १० पत्रकार तथा अन्य १५ गरी २५ पत्रकारलाई दुईदिने फिचर लेखन तालिमसमेत सम्पन्न गरिएको छ ।

# प्रमोद खरेलले इटहरी तताउने



सुनसरी (उस)/ इटहरीमा शुक्रबार साँझ गायक प्रमोद खरेलले आउने भएका छन् ।

'अ स्टोरी अफ योङ्ग हर्ट'को आयोजना हुन लागेको एक कार्यक्रममा सहभागी हुन गायक खरेल इटहरी आउने भएका हुन् ।

इटहरीस्थित ओसियन पार्क एण्ड रिसोर्टमा हुन लागेको सो सांगीतिक साँझमा गायक खरेलले आफ्नो 'लाइफ स्टोरी' सुनाउने आयोजक समितिका प्रबन्ध निर्देषक सुजन घिमिरेले बताए ।

सफल व्यक्तित्वहरूको स्टोरी सुनाउँदा युवाहरूमा सकारात्मक उर्जा उत्पन्न हुने भएकाले युवाहरूलाई लक्षित गरेर यो कार्यक्रम सुरू गरिएको आयोजक 'अ स्टोरी अफ योग हर्ट'ले जनाएको छ ।

# औद्योगिक ग्रामको जग्गा व्यवस्थापनमा अलमल

फुङ्लिङ/नेपाल सरकारले प्रत्येक स्थानीय तह एक औद्योगिक ग्रामको घोषणासँगै ताप्लेजुङको स्थानीय तहमा औद्योगिक ग्राम निर्माणका लागि तीन वर्षमा पनि जग्गा व्यवस्थापनमै अलमल भएको छ ।

नेपाल सरकारले एक स्थानीय तह एक औद्योगिक ग्राम घोषणा तथा सञ्चालन कार्यविधि २०७५ स्वीकृत भई कार्यान्वयनमा छ । पहिलो चरणमा ताप्लेजुङको मैवाखोला गाउँपालिका, आठराई त्रिवेणी गाउँपालिका र सिरिजङ्घा गाउँपालिकामा औद्योगिक ग्राम स्थापनाका लागि छनोट भएको थियो । औद्योगिक ग्राम स्थापनाका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले परिपत्र गरेको दुई वर्ष पूरा भएको तीन वर्ष हुँदैछ । तीन वर्षमा पनि औद्योगिक ग्रामको उपलब्धी शून्य प्रतिशत नै छ ।

मैवाखोला गाउँपालिका औद्योगिक ग्राम स्थापनाका लागि आवश्यक ३० रोपनी जग्गा निःशुल्क उपलब्ध हुन नसकेकाले प्रक्रिया अगाडि बढ्न नसकेको मैवाखोला गाउँपालिकाका प्रवक्ता थर्ककुमार चोङवाले बताए । उनले भने, '३० रोपनीसम्म जग्गादाता तयार भएका थिए तर पछिल्लो औद्योगिक ग्राम कार्यविधिले ४० रोपनी जग्गा आवश्यक पर्ने भनेपछि अहिले अन्योल भएको छ ।' कार्यपालिकाको बैठकमा छलफल भएको तर औद्योगिक ग्रामका लागि निःशुल्क एकैठाउँमा ४० रोपनी जग्गा प्राप्त गर्न समस्या भएको मैवाखोला गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवी तुम्बापोले जानकारी दिए ।

आठराई त्रिवेणी गाउँपालिकामा औद्योगिक ग्राम स्थापनाका लागि आवश्यक ३० रोपनी निःशुल्क जग्गादाता तयार भएको गाउँपालिकाका उपाअध्यक्ष मञ्जु भण्डारीले बताइन् । जग्गादाता एक जना जिल्ला बाहिर भएकाले औद्योगिक ग्रामका लागि जग्गा दर्तामा अलिक समय लागेको उपाअध्यक्ष भण्डारीले बताइन् ।

उनका अनुसार केही दिनमै जग्गा दर्ता प्रक्रिया पूरा हुनेछ र औद्योगिक ग्राम निर्माण प्रक्रिया शुरु हुनेछ । आठराई त्रिवेणी गाउँपालिकाले औद्योगिक ग्राम स्थापनाका लागि आवश्यक जग्गा तयार गरिसकेकाले मालपोत कार्यालयमा गएर जग्गा पास गर्न मात्र बाँकी रहेको आठराई त्रिवेणी गाउँपालिका अध्यक्ष विश्वनाथ सिटौलाले बताए । औद्योगिक ग्रामका लागि जग्गाको प्रारम्भिक अध्ययन आगामी २६ गते घरेलु तथा साना उद्योग कार्यालयका प्रतिनिधि र स्थानीय जनप्रतिनिधिले गर्ने योजना रहेको अध्यक्ष सिटौलाले बताए ।

सिरिजङ्घा गाउँपालिकामा औद्योगिक ग्राम स्थापनाका लागि दुई वर्ष अगाडि नै आवश्यक कागजात घरेलु तथा साना उद्योग कार्यालयमा पेश गरेको तर अहिलेसम्म ग्रामको विषयमा घरेलु तथा साना उद्योगले प्रतिक्रिया नदिएको सिरिजङ्घा गाउँपालिका-१ का वडाध्यक्ष उर्मिला थेबेले बताइन् । (रासस)


## सुन्दरहरैंचा नगरपालिकाको १५ दिने सूचना

सुन्दरहरैंचा ३ को कित्ता न. २५३० क्षेत्रफल ०-०-८-०-० भएको घरको भुईतला लम्बाई ३४'८" चौडाई २९'४" उचाई १८"५" तल्ला संख्या १.५ छाडिएको दुरी पूर्व ०'०" पश्चिम १८'४" उत्तर ०'०" दक्षिण ०'८" तपसिल बमोजिम विवरण भएको ढुंगा, ईटा, सिमेण्टको पक्कि घर निमार्णको घर नक्सा पास गरिपाउँ भनि सुन्दरहरैंचा-३ जग्गा धनी दिलु लिम्बूले दिएको निवेदन अनुसार निवेदकको घरको नक्सा पास गरिदिदा साध सधियारहरु लाई कुनै पिर मार्का फरक पर्ने भएमा सुचना प्रकाशित भएको मितीले १५ दिन भित्र निवेदनका साथ सम्बन्धित निकायमा उजुरी गर्न आउनका लागि स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ३१ 'क' बमोजिम यो सुचना जारी गरिएको छ । समयभित्र उजुरी गर्न कोहि पनि नआएमा नियम बमोजिम नक्सा पास भइजाने छ। पछि कसैको उजुरबाजुर लाग्ने छैन।

साधसधियारहरु

पूर्व : सोना श्रेष्ठ | पश्चिम : बाटो
उत्तर : सुनिता भण्डारी | दक्षिण : कल्पना चापागाईं





YES AND BROTHERS AUTO PVT. LTD.
Biratnagar, ☎ 021-526242, 9801181380, 9801181381


# मोटरसाइकल चोर्ने दुई पक्राउ

विराटनगर (उस)/मोरङ प्रहरीले मोटरसाइकल चोरी गर्ने दुई जनालाई पक्राउ गरेको छ। प्रहरीले विराटनगर-६ रामपुर बस्ने वर्ष ३३ को निरजकुमार ठाकुरको निवेदनका आधारमा विराटनगर-१२ सैनिक टोल बस्ने वर्ष २१ को शंकर यादवलाई चोरी गरेको स्कुटीसहित पक्राउ गरेको छ ।

त्यसैगरी विराटनगर-८ बस्ने वर्ष २५ को वीरेन्द्रकुमार मुखियालाई पनि मोटरसाइकल चोरीको आरोपमा प्रहरीले पक्राउ गरेको छ । मंगलबार मुखियाले विराटनगर-८ बस्ने माधवप्रसाद साहको को २८ प १२४४ नम्बरको होण्डा युनिक मोटरसाइकलले चोरी गरेकोमा मोटरसाइकलसहित पक्राउ गरेको हो ।

# जलेर बालकको मृत्यु

विराटनगर(उस)/खोटाङको रावावेंशी गाउँपालिका-४ का उत्तम मगरको घरमा आगलागी हुँदा आगोले जलेर निजकै ७ वर्षीय छोरा जेसेन मगरको मृत्यु भएको छ । मंगलबार दिउँसो मगरको घरमा अचानक आगलागी हुँदा ७ वर्षीय बालकको जलेर घटनास्थलमा नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय खोटाङले जनाएको छ ।

यसैबीच झापाको बिर्तामोड नगरपालिका-१ मा बसले पैदल यात्रीलाई ठक्कर दिंदा एकजनाको मृत्यु भएको छ ।

मंगलबार दिउँसो पूर्ववाट पश्चिमतर्फ आउँदै गरेको ना ६ ख १५२० नम्बरको बसले पैदल यात्री बिर्तामोड नगरपालिका-६ का ३२ वर्षीय सागर मिश्रलाई ठक्कर दिंदा घाइते भएका मिश्रको बिर्तासिटी अस्पताल विर्तामोडमा मृत्यु भएको इलाका प्रहरी कार्यालय अनारमनीले जनाएको छ ।


## सेफ्टी टैंकी सेवा

अत्याधुनिक मेशिनद्वारा भित्रैदेखि घोलेर झोल चोक्टासहितको ढल, सेफ्टी टैंकी, हज तथा रिङ सफा गर्नु परेमा सधैं तपाईंको सेवामा हाजिर छौं । अन्य कुनै किसिमको सफाई गराउनु परेमा ।

गुलाबचन्द कामत
९८४२०७५७६७/९८१५३२६५५९



## नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)
वितरण तथा ग्राहक सेवा
विराटनगर वितरण केन्द्र
विराटनगर

## विद्युत लाइन सम्बन्धी नेपाल विद्युत प्राधिकरणको सूचना

| फिडर | कार्य हुने स्थान | मिति | समय | कार्य |
|---|---|---|---|---|
| ११ केभी कञ्चनबारी | शहिद रगंशालादेखि मिलन चोक हुँदै राष्ट्र बैंक पूर्वको चोकसम्म | २०७७/१०/२२ | ९:०० देखि १६:०० | ११ केभी एच.टी. कन्डक्टर अपग्रेडिङ गर्ने कार्य |
| ११ केभी कटहरी | बरगाछी उत्तर, राजमार्ग पश्चिम साइडमा | २०७७/१०/२३ | ९:०० देखि १६:०० | |
| ११ केभी बाईपास र ११ केभी कन्चनबारी | अस्पताल चोकदेखि देवकोटा चोकसम्म | २०७७/१०/२४ | ९:०० देखि १६:०० | |
| ११ केभी नहर | नोबेल मोडदेखि जामुन गाछीसम्म | २०७७/१०/२५ | ९:०० देखि १६:०० | |
| ११ केभी कटहरी | बरगाछी पूर्वदेखि दुर्गा चोक | २०७७/१०/२६ | ९:०० देखि १६:०० | |
| ११ केभी कञ्चनबारी | तिनपैनी चोकदेखि नगरपालिका कार्यालयसम्म | २०७७/१०/२७ | ९:०० देखि १६:०० | |
| ११ केभी भृकुटी | बसपार्क पश्चिमदेखि पञ्चमुखी चोकसम्म | २०७७/१०/२८ | ९:०० देखि १६:०० | |

भरत के.सी.
प्रशासन प्रमुख



## पूर्वाञ्चल विश्वविद्यालय स्कूल अफ म्यानेजमेन्ट (पूसोम)

## BBA कार्यक्रममा भर्ना सम्बन्धि सूचना

पूर्वाञ्चल विश्वविद्यालय स्कूल अफ म्यानेजमेन्ट(पूसोम), विराटनगर BBA कार्यक्रमको २४ औं व्याचमा भर्नाको लागि आवेदन फारम खुलेको व्यहोरा जानकारी गराईन्छ । जेहेन्दार विद्यार्थीको लागि छात्रवृत्तिका साथै आरक्षित कोटामा पनि छात्रवृत्ति उपलब्ध रहेको समेत जानकारी गराईन्छ ।

**फाराम बुझाउने अन्तिम मिति:** २०७७/१०/२९ गते विहिवार सम्म
**प्रवेश परीक्षा मिति :** २०७७/१०/३० गते शुक्रवार
**समय :** दिनको ११.०० बजे
**फारम वितरण स्थान:** पू.वि.स्कूल अफ म्यानेजमेन्ट, भूपालग्राम, तिनपैनी, विराटनगर-२
**सम्पर्क फो.नं.:** ०२१-५७४०२७

www.pusom.edu.np

Fax: +977-574027 | E-mail: info@pusom.edu.np


## Invitation for Quotations

### Chichila Rural municipality

Office of executive municipal
Invitation for Sealed Quotations
Contract Identification No: CRM/W/SQ/01/077-78
Date of publication: 2077/10/22

1. *The Chichila Rural municipality, Office of municipal executive, invites sealed quotations for the construction of **Matshya Pokhari Murti Nirman (Stone Carving/Sculpture Works at Matshyapokhari).** The estimated amount for the works is Rs 11,00,000.*
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Chichila rural municipality, office of municipal executive.
3. A complete set of Bidding Documents may be purchased from the office of Chichila rural municipality, office of municipal executive by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs. 1000.00 till 2078/11/06 during office hours.
   *Bidders should deposit the cost of bidding document in the following account*
   Name of the Bank : Century Commercial Bank Ltd,, Chichila Branch
   Name of Office : Chichila Rural Municipality, Chichila, Sankhuwashava
   Aantarik rajaswa Account no. : 1190000013GE (For bid document Purchase)
   Dharauti Account no.: 1190000005GE (For bid security deposit)
4. Company/firm regestration certificate should be related with Sculpture or other stone, art related Works.
5. Sealed bids must be submitted to the office Chichila rural municipality, office of municipal executive by before 12:00 noon on 2077/11/07. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hours on 2077/11/07at the office of Chichila rural municipality, office of municipal executive. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of **Rs. 30,000/**, which shall be valid for 30 days beyond the validity period of the bid i.e. 2078/01/22.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.